# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, चैत १३ गते २०५४ साल ( अतिरिक्ताङ्क ७२

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

मानननीय शिक्षा मन्त्री श्री के. बी. गुरुङ अष्ट्रेलियाको मेलवर्नमा आयोजना हुने एशिया प्रशान्त क्षेत्रका एक्काइसौं शताब्दीको लागि शिक्षा विषयक युनेस्को सम्मेलनमा भाग लिन २०५४ साल चैत १५ गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको शिक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्वास्थ्य मन्त्री श्री विपिन कोइरालाले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय युवा, खेलकूद तथा संस्कृति मन्त्री श्री शरतसिंह भण्डारी स्वीडेनमा आयोजना हुने संस्कृति कार्य योजनासम्बन्धी अन्तरसरकारी सम्मेलनमा भाग लिन २०५४ साल चैत १४ गते त्यसतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको युवा, खेलकूद तथा संस्कृति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय आपूर्ति मन्त्री श्री मोतीप्रसाद पहाडीले सम्हाल्नु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१६८

## सूचना ३

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्यायपरिषद्को सिफारिशमा पुनरावेदन अदालत, पाटनका मुख्य न्यायाधीश श्री दिलीप कुमार पौडेल सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्त हुनु भएकोले निजको पदाधिकार पुनरावेदन अदालत, बाग्लुङको मुख्य न्यायाधीश पदमा रहने गरी पुनरावेदन अदालत, विराटनगरका मुख्य न्यायाधीश श्री गोपालप्रसाद खत्रीलाई पुनरावेदन अदालत, पाटनको मुख्य न्यायाधीश पदमा सरुवा गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।